annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३४०, पृष्ठ ८ | काठमाडौं, आइतबार ६ वैशाख २०८३ | वैशाख शुक्लपक्ष द्वितीया, नेपाल संवत् ११४६ | SUNDAY, APRIL 19, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# ‘जब्बर ब्युरोक्रेसी’को जरै हल्लियो

दलीय आबद्धता र राजनीतिक संरक्षणमा ‘हुर्केको’ कर्मचारीतन्त्र यति बलियो बनेर अड्डा जमाएको थियो कि, मन्त्री निरीह हुन्थे, निर्णय प्रक्रियामा हालीमुहाली कर्मचारीको चल्थ्यो। जनताका आधारभूत आवश्यक्ताका काम पनि कर्मचारीले अड्काएर राख्थे। कमिसन र भ्रष्टाचारले कर्मचारीतन्त्र नै ‘गन्हाएको’ थियो। तर, बलियो नयाँ सरकारको ‘ट्रेड युनियन खारेज’ गर्ने घोषणा र कर्मचारी सरुवाको एकमुष्ट निर्णयले कर्मचारीतन्त्रमा हल्लीखल्ली मच्चिएको छ। ‘जब्बर’ कर्मचारीतन्त्रको जरै हल्लिएको छ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*




समाचार पृष्ठ २

## इरानले फेरि बन्द गर्‍यो हर्मोज जलमार्ग



**तेहरान** (एजेन्सी) : संयुक्त राज्य अमेरिकाले आफ्ना बन्दरगाहहरूमा लगाएको नाकाबन्दी नहटाएसम्म इरानले विश्वकै रणनीतिक महत्त्वको ‘हर्मोज जलमार्ग’ पुनः बन्द गर्ने घोषणा गरेको छ। तेहरानले जलमार्ग बन्द गर्ने निर्णय गरेलगत्तै इरानी गनबोटहरूले सो क्षेत्र पार गर्न खोज्ने एक व्यापारिक जहाजमाथि गोली प्रहार गरेका छन्।

इरानी सेनाले शनिबार एक विज्ञप्ति जारी गर्दै विश्वको कुल तेल आपूर्तिको झन्डै २० प्रतिशत हिस्सा ओगट्ने यस जलमार्गको नियन्त्रण पुनः आफ्नो हातमा लिएको जनाएको छ। इरानी सञ्चारमाध्यमका अनुसार इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आईआरजीसी) ले अमेरिकी नाकाबन्दीलाई ‘सामुद्रिक डकैती’ को संज्ञा दिएको छ। आईआरजीसीको विज्ञप्तिमा भनिएको छ, ‘जबसम्म अमेरिकाले इरानी जहाजहरूलाई निर्वाध रूपमा आउजाउ गर्न दिँदैन, तबसम्म हर्मोज जलसन्धिमा कडा नियन्त्रण कायम रहनेछ।’

इजरायल र लेबनानबीच अमेरिकाको मध्यस्थतामा १० दिने युद्धविराम भएपछि केही घण्टाका लागि मात्र हर्मोज जलसन्धि खुला गरिएको थियो। सो अवधिमा एक दर्जन व्यावसायिक जहाजले जलमार्ग पार गरेका थिए। तर, इरानको पछिल्लो कदमले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको ‘शान्ति सम्झौता नजिकै छ’ भन्ने दाबीमाथि प्रश्नचिह्न खडा गरिदिएको छ।

राष्ट्रपति ट्रम्पले एयर फोर्स वानमा पत्रकारहरूसँग कुरा गर्दै इरानले आफ्नो आणविक कार्यक्रमलगायतका विषयमा सम्झौता नगरे पुनः बमबारी सुरु गर्ने चेतावनी दिएका छन्। ‘यदि सम्झौता भएन भने नाकाबन्दी जारी रहनेछ र दुर्भाग्यवश हामीले फेरि बम खसाल्न सुरु गर्नुपर्नेछ,’ उनको भनाइ थियो।

इरानले भने वार्ताको कुनै मिति तय नभएको स्पष्ट पारेको छ र अमेरिकाले कूटनीतिमा ‘धोका’ दिएको आरोप लगाएको छ।

हर्मोज जलसन्धिमा देखिएको यो अन्योलका कारण थुप्रै अन्तर्राष्ट्रिय जहाजहरू बीच बाटोबाटै फर्किएका छन्। इरानले युद्धको पूर्ण अन्त्य, प्रतिबन्ध फुकुवा र रोक्का गरिएको सम्पत्ति फिर्ता हुनुपर्ने अडान राख्दै आएको छ।

## देउवा पक्षले भन्यो- ‘सन्तुष्ट छैनौं, तर फैसला स्वीकार्य’

**काठमाडौं** (अन्नपूर्ण) : नेपाली कांग्रेसको शेरबहादुर देउवा पक्षले विशेष महाधिवेशनबाट सभापति निर्वाचित गगन थापा नेतृत्वको केन्द्रीय समितिलाई आधिकारिकता दिने सर्वोच्च अदालतको फैसला स्वीकार्ने निर्णय गरेको छ। देउवा पक्षका नेता पूर्णबहादुर खड्काको निवासमा शनिबार बसेको बैठकले अदालतको फैसलालाई सम्मान गर्दै अघि बढ्ने निष्कर्ष निकालेको हो।

बैठकपछि सञ्चारकर्मीसँग बोल्दै नेता प्रकाशशरण महतले भने, ‘आधिकारिकता प्राप्त गरेको विषयमा हाम्रो असन्तुष्टि या अनपेक्षित भयो भन्ने त छँदै छ, तर जे भए पनि कानुनी रूपमा यो भइसकेपछि हामी फैसलाको सम्मान गर्दछौं।’

बैठकमा सहभागी नेता मीन विश्वकर्माले पनि नेपाली कांग्रेसले न्यायालयको फैसलालाई सधैं आत्मसात् गर्दै आएको बताउँदै पर्याप्त असन्तुष्टिका आधार हुँदाहुँदै पनि आदेश स्वीकार गर्ने निर्णयमा पुगेको जानकारी दिए।

सर्वोच्च अदालतका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले शुक्रबार राति अबेर विशेष महाधिवेशनबाट चुनिएको थापा नेतृत्वको कार्यसमितिलाई आधिकारिकता प्रदान गरेको थियो। आदेशमा २०८२ माघ २ गते निर्वाचन आयोगमा गराइएको जानकारीलाई राजनीतिक दलसम्बन्धी ऐनअनुसारकै औपचारिक



प्रक्रिया मानिएको थियो।

विश्वकर्माले अहिले कानुनी विषय निरुपण भए पनि राजनीतिक रूपमा पार्टी एकताको चिन्ता बाँकी नै रहेको बताए। ‘फैसलामा कतिपय विरोधाभासपूर्ण विषय छन्, जस्तैः सरकारी वकिलले जाँचबुझ गरिएको छैन भन्दाभन्दै फैसलामा ‘जाँचबुझ गरी’ भन्ने शब्द पर्नु अचम्मको कुरा हो,’ उनले भने। महतले पनि आधिकारिकता पाउनु एउटा प्राविधिक पाटो मात्र भएको बताउँदै राजनीतिक प्रश्न र पार्टीभित्रको खाडल अझै विद्यमान रहेको उल्लेख गरे।

### पार्टी एकतामा गगनको प्रस्ताव पर्खने

देउवा पक्षले अब पार्टी एकताको सम्पूर्ण जिम्मेवारी र ‘बल’ सभापति गगन थापाको पोल्टामा पुगेको निष्कर्ष निकालेको छ। नेता विश्वकर्माले आधिकारिक रूपमा अब संस्थापन पक्षले एकताको कार्ययोजना ल्याउनुपर्ने बताए। ‘अहिले विचाराधीन मुद्दा टुंगिएको छ। अब पार्टीलाई कसरी लैजाने भन्ने हिजो शेरबहादुर देउवाको खुट्टामा रहेको गोल अहिले गगन थापाको खुट्टामा पुगेको छ,’ उनले भने, ‘उहाँले अब कसरी पार्टीलाई एकताबद्ध बनाउनुहुन्छ, कसरी पार्टीलाई ठूलो बनाउनुहुन्छ र कसरी सबैलाई भावनात्मक रूपले एकस्वर बनाउनुहुन्छ, त्यो अब पार्टी सभापति गगन थापाकै हातमा छ।’

महतले विगतमा शेरबहादुर देउवा सभापति हुँदा १४औं महाधिवेशनबाट निर्वाचित समितिले सानो-सानो असहमतिलाई पनि चित्त बुझाएर अगाडि बढाउने परम्परा रहेको बताउँदै अब वर्तमान कार्यसमिति कसरी चल्छ, त्यसले एकताको भविष्य तय गर्ने बताए।

महतले विशेष महाधिवेशनमा पार्टीको एउटा ठूलो तप्का सहभागी नै नभएको बताउँदै आधाभन्दा बढी महाधिवेशन प्रतिनिधि नगएको अवस्थामा त्यहाँबाट भएका निर्णयहरू सर्वमान्य हुन नसक्ने बताए। उनले भने, ‘त्यसैले १५औं महाधिवेशन गर्न एउटा साझा र अधिकारसम्पन्न संयन्त्र नबनेसम्म सबैले अपनत्व महसुस गर्ने अवस्था रहँदैन।’

देउवा पक्षले आइतबार आफ्ना पूर्वकेन्द्रीय सदस्यहरू र उपलब्ध जिल्ला सभापतिहरूसँग थप छलफल गरी साझा धारणा बनाउने तयारी गरेको छ। देउवा पक्षको बैठकमा डा. शेखर कोइराला पक्षका नेताहरूको सहभागी भएनन्।

## महिला आरक्षण विधेयक असफल, मोदीले गरे राष्ट्रका नाममा सम्बोधन



**नयाँ दिल्ली** (एजेन्सी) : भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले महिला आरक्षणसम्बन्धी संविधान (१३१ औं संशोधन) विधेयक लोकसभामा पारित हुन नसकेपछि विपक्षी दलहरूमाथि तिखो प्रहार गरेका छन्।

शनिबार राष्ट्रका नाममा सम्बोधन गर्दै मोदीले कांग्रेस, डीएमके र टीएमसी जस्ता ‘परिवारवादी’ पार्टीहरूलाई ‘महिला विरोधी’ को संज्ञा दिएका हुन्। शुक्रबार राति भएको मतदानमा विधेयकको पक्षमा २ सय ९८ र विपक्षमा २ सय ३० मत परेको थियो। दुईतिहाइ बहुमतका लागि ३ सय ५२ मत आवश्यक पर्नेमा सो संख्या नपुगेपछि विधेयक असफल भएको थियो।

‘आज म देशका सबै आमा र दिदीबहिनीहरूसँग माफी चाहन्छु। हाम्रो अथक प्रयासका बावजुद नारी शक्ति वन्दन अधिनियममा संशोधन हुन सकेन। देशको नारी शक्तिले केही दलहरूको स्वार्थी राजनीतिको भार बोक्नु परेको छ।’

» बाँकी पृष्ठ ६

## १३ वर्षपछि वीरगन्जको ‘मेनरोड’ विस्तार

**क्रान्ति शाह** | *वीरगन्ज*

विगत १३ वर्षदेखि विभिन्न कारणले रोकिँदै आएको वीरगन्जको मुख्य सडक (मेनरोड) विस्तारको कार्य आइतबारदेखि सुरु गरिँदै छ। सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख गुरु अधिकारीले दिएको जानकारीअनुसार त्रिभुवन राजपथअन्तर्गत पर्ने वीरगन्जको गण्डक चोकदेखि मितेरी पुलसम्मको मुख्य सडकलाई राष्ट्रिय राजमार्गको मापदण्ड अनुरूप दायाँ-बायाँ २५/२५ मिटर चौडा पार्ने कार्य आइतबार बिहानैदेखि प्रारम्भ गरिने भएको हो।

शनिबार साँझ जिल्ला प्रशासन कार्यालय पर्साले समेत एक सार्वजनिक सूचना जारी गर्दै सडक विस्तारको काम आइतबार बिहानैदेखि सुरु हुने तथ्यलाई पुष्टि गरेको छ। सहायक प्रमुख जिल्ला अधिकारी विनोदकुमार पोखरेलद्वारा जारी गरिएको उक्त सूचनामा उल्लेख भएअनुसार शनिबार साँझ जिल्ला प्रशासन कार्यालय पर्सामा प्रमुख जिल्ला अधिकारी भोला दाहाल, वीरगन्जका नगरप्रमुख राजेशमान सिंह, सडक डिभिजन कार्यालयका प्रमुख गुरु अधिकारी तथा जिल्लाका सुरक्षा निकायका प्रमुखहरूको उपस्थितिमा सम्पन्न बैठकले सडक विस्तारको ठोस निर्णय गरेको हो। सोही निर्णयबमोजिम मुख्य सडकको दायाँ-बायाँ २५/२५ मिटर क्षेत्रभित्र पर्ने सम्पूर्ण संरचना, पसल तथा अन्य सरसामानहरू आइतबार बिहानै खाली गर्न सर्वसाधारणमा अनुरोध गरिएको छ।

पर्साका प्रमुख जिल्ला अधिकारी दाहालले भने, ‘आइतबार बिहानैदेखि सडक विस्तारको काम द्रुत गतिमा अगाडि बढ्नेछ। हामीले एकैपटक चार-पाँच स्थानबाट कार्य प्रारम्भ गर्ने योजना बनाएका छौं। त्यसका लागि आवश्यक पर्ने प्राविधिक उपकरणका साथै सुरक्षालगायत सम्पूर्ण प्रबन्धहरू मिलाइसकेका छौं।’

सडक डिभिजन कार्यालय हेटौंडाका नायब सुब्बा राजकुमार अर्यालका अनुसार त्रिभुवन राजपथअन्तर्गत पर्ने वीरगन्जको पावरहाउस, मुर्ली, घण्टाघर, माइस्थान, आदर्शनगर, मकालु होटल चोक, बिर्ता, छपकैया र भन्सार हुँदै मितेरी पुलसम्मको मुख्य सडकलाई २५/२५ मिटर विस्तार गर्ने काम



बिहानैदेखि हुनेछ। उनका अनुसार वीरगन्जका विभिन्न पाँच स्थानबाट एकैसाथ डोजर परिचालन गरेर सडक विस्तारको कार्य अगाडि बढाइनेछ।

सडक विस्तार अभियानमा डोजर, जेसीबी र एक्साभेटर गरी १३ वटा उपकरणहरू प्रयोगमा ल्याइने जानकारी अर्यालले दिए। यसका लागि सडक डिभिजन कार्यालयका ९ वटा र वीरगन्ज महानगरपालिका कार्यालयका ४ वटा उपकरण तयारी अवस्थामा राखिएका छन्।

वीरगन्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले सडक विस्तार कार्यका लागि सडक विभागले माग गरेको आवश्यक सम्पूर्ण सहयोग उपलब्ध गराउन महानगरपालिका पूर्ण रूपमा प्रतिबद्ध रहेको बताए। शनिबार साँझ सिंहले भने, ‘वीरगन्जको मुख्य सडकको दायाँ-बायाँ रहेका भौतिक संरचना २५/२५ मिटर हटाउने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०८१ फागुन २८ गतेको फैसलाबमोजिम संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं र सडक डिभिजन हेटौंडाले वीरगन्ज महानगरपालिकासँग सहयोग माग गरेको छ। सोहीबमोजिम महानगरले जिल्लास्थित सुरक्षा निकायहरूलाई समेत आवश्यक सहयोगका लागि अनुरोध गरिसकेको छ। यस विषयमा सडक डिभिजन हेटौंडाले स्थानीय सञ्चारमाध्यममार्फत सार्वजनिक सूचनासमेत जारी गरिसकेको हुँदा सोहीबमोजिम कार्य सम्पादन गर्न गराउन सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक अनुरोध गर्दछु।’

» बाँकी पृष्ठ ६